प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय, *सानोठिमी, भक्तपुर*

# प्राविधिक एस.एल.सी. तहमा संचालित कार्यक्रमका रजिष्ट्रेशन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना !

**प्रकाशित मिति : २०७४/०७/१५ गते**

यस परिषद्का आंगिक र परिषद्बाट सम्बन्धन प्राप्त निजी तथा साझेदारी क्षेत्रमा संचालित शिक्षण संस्थाहरु एवं सामुदायिक माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुको शैक्षिक सत्र २०७४/०७५ का लागि परिषद्ले लिईएको प्रवेश तथा परीक्षाबाट उत्तीर्ण भै भर्ना भएका प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन फाराम निम्न शर्तको अधिनमा रहि सम्पुर्ण शिक्षण संस्थाहरुले सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा तपशिलमा उल्लेख गरिएका वैक खातामा रकम जम्मा गरिएको वैंक भौचर सहित रजिष्ट्रेशन फाराम बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. परिषद्बाट स्वीकृत कोटा र कार्यक्रम अनुसारको प्रशिक्षार्थीहरुबाट रजिष्ट्रेशन फाराम भरी सो को साथ प्रशिक्षार्थीलाइ प्रदान गरीएको रजिष्ट्रेशन नं समष्टिगत फारामकम उल्लेख गरी वर्णानुक्रम **Excel Programme** मा ( **Alphabetic order** ) अनुसार भरी **TSLC Registration** शाखामा अनिवार्यरुपमा प्रशिक्षार्थीको विषयगत समष्टिगत विवरण भरी बुझाउनुपर्ने छ । साथै **Hard copy र Soft Copy (CD)** एक / एक थान र प्रवेश परीक्षाको नतिजाको प्रमाणित फोटोकपी संलग्न हुनु पर्नेछ । भरिएका रजिष्ट्रेशन फाराम अनिवार्य रुपमा **Plastic Coated Index File** मा राखि पेश गर्नु पर्ने छ, अन्यथा प्रशिक्षार्थीहरुको रजिष्ट्रेशन अर्धकट्टी उपलब्ध गराईने छैन ।

२. रजिष्ट्रेशन फाराममा प्रवेश परीक्षाको नतिजा सूचीको क्रमसंख्या / पास गरेको कार्यक्रम अनिवार्य भर्नुपर्ने छ ।

३. फारामसाथ सम्वन्धित प्रशिक्षार्थीको एस.एल.सी. को लव्धांकं पत्र, चारित्रिक प्रमाणपत्र तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

४. नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरह उर्तीण हुनेहरुको हकमा वोर्डको प्रमाणपत्र, लव्धाकपत्र, चारित्रिक प्रमाणपत्र, माइग्रेशन प्रमाणपत्र, समकक्षता प्रमाणपत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश हुनु पर्नेछ ।

५ सम्वन्धित शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी सम्वन्धित शिक्षण सस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको संक्कल प्रवेश पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

६. कुनै एक शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी अर्को शिक्षण संस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तिर्ण गरेको नतिजाको फोटोकपी, प्रवेश परीक्षाको संक्कल प्रवेश पत्र र सम्वन्धित शिक्षण संस्थाको सहमति पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ ।

७. रजिष्ट्रेशन फाराम साथ सम्वन्धित शिक्षण संस्थाहरुले परिषद्को आर्थिक विनियमावलीको अनुसुची २१ (क) विनियम १३६ को उप-विनियम २ अनुसार प्रति प्रशिक्षार्थी संस्थागत विकास शुल्क रु.५००।- (पांचसय) र रजिष्ट्रेशन शूल्क रु.५००।- (पांचसय) गरि नियमित शूल्क प्रति प्रशिक्षार्थी जम्मा रु १०००। - एक हजार ) र विलम्व शूल्क वापतको थप रकम रु १०००। ( एक हजार ) समेत प्रति प्रशिक्षार्थी रु २०००। ( दुई हजार ) तथा **TECS** कार्यक्रम संचालन गर्ने शिक्षण संस्था/विद्यालयहरुले प्रति प्रशिक्षार्थी रु.५००।-(पांच सय) का दरले नियमित शूल्क र विलम्व शूल्क वापतको थप रकम रु ५००। - ( पांच सय ) समेत गरि प्रति प्रशिक्षार्थी जम्मा रु १०००। ( एक हजार ) बुझाउनु पर्ने छ । **CTEVT** वाट अनुदान प्राप्त गरि **TECS** कार्यक्रम संचालन गर्ने शिक्षण संस्था/विद्यालयहरुको हकमा भने संस्थागत विकास शूल्क लाग्ने छैन । तर आफनै निजी श्रोतबाट संचालन गरेका कार्यक्रमको हकमा नियमित शूल्क वापत प्रति पशिक्षार्थी रु १०००। - ( एक हजार ) र विलम्व शूल्क वापतको थप रकम रु १०००। - ( एक हजार ) समेत गरि प्रति प्रशिक्षार्थी जम्मा रु २०००। - ( दूई हजार )रकम रजिष्ट्रेशन फाराम सहित एकमुष्ट परिषद् तथा सम्वन्धित क्षेत्रीय कार्यालयको खातामा जम्मा गरेको रसिद फाइलसाथ संलग्न गरी बुझाउनु पर्ने छ ।

८. सम्वन्धित शिक्षण संस्थाहरुले निम्नानुशार परिषद र परिषद् अन्तर्गतका क्षेत्रिय कार्यालयहरुमा उक्त रजिष्ट्रेशन फारम दर्ता गराउनु पर्ने छ । अन्यथा त्यसको जवाफदेही संबन्धित शिक्षण संस्था नै हुने छ ।

९. रजिष्ट्रेशन फाराम **CTEVT** को **Web site** वाट प्राप्त गर्न सकीने छ ।

१०.संस्थाहरुले रजिष्ट्रेशन फाराम वुझाउने मिति :

नियमित शूल्क तर्फ प्रशिक्षार्थीहरुको लागि : २०७४/०७/१५ देखि २०७४/०८/०५ सम्म ।

नियमित शूल्क तर्फ संस्थाको लागि : २०७४/०८/०७ सम्म ।

दोव्वर दस्तुरमा फाराम वुझने र वुझाउने मिति : २०७४/०८/०६ देखि २०७४/०८/२० सम्म ।

११. सम्वन्धित संस्थाले शैक्षीक सत्र २०७४/०७५ मा नविकरण गरेको प्रमाणको प्रतिलिपि फाराम साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

१२. तोकिएको मिति भित्र रजिष्ट्रेशन फाराम नवुझाउने संस्थाहरुलाई प.नि.का.को विनियमावली अनुसार कारवाहि गरीने छ ।

१३. अन्य विस्तृत जानकारीको लागि परिषद्को परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

| क. सं | फाराम वुझाउने कार्यालय | सम्वन्धित कार्यालयको वैक खाता | क्षेत्र अन्तर्गत पर्ने सम्वन्धित जिल्लाहरु | कैफियत |
|---|---|---|---|---|
| १ | पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर | रा.वा.बैङ्क,कोहलपुरको च.हि.न ४२८००००९१९०१ | दाङ्ग, जुम्ला, बाँके,वर्दिया,सुर्खेत,रोल्पा, कैलाली,कञ्चनपुर, डोटी , कालीकोट,अछाम, वझाङ्ग, दार्चुला, वैतडी ,डोल्पा, हुम्ला,मुगु ,दैलेल ,रुकुम प्युठान र डडेलधुरा जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु । | |
| २ | मध्य क्षेत्र क्षेत्रीयकार्यालय, भरपुर | रा.वा.बैङ्क, भरपुरको च.हि.नं ६६७१ | धनुषा, महोत्तरी, सर्लाही, रौतहट,पर्सा, मकवानपुर, चितवन, कास्की, लमजुङ्ग, वाग्लुङ्ग, म्याग्दी, नवलपरासी, रुपन्देही,अर्घखाँची,कपिलवस्तु र पाल्पा जिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु । | |
| ३ | पूर्व क्षेत्र क्षेत्रीय कार्यालय, ईटहरी | रा.वा. बैङ्क, ईटहरीको च.हि.न २५५०००१२७८०१ | झापा, मोरङ्ग, सुनसरी, धनकुटा, सिराहा, सप्तरी, पाँचथर, ईलाम, उदयपुर, संखुवासभा र भोजपुरजिल्लाहरुमा रहेका सम्पूर्ण शिक्षण संस्थाहरु । | |
| ४ | परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी,भक्तपुर | रा.वा. बैङ्क, सानोठिमी , च.हि.नं. ११ | बाँकी सम्पुर्ण जिल्लाका शिक्षण संस्थाहरु । | |

तपशिल :

परीक्षा नियन्त्रक

**नोटः CTEVT को web site (www.ctevt.org.np) मा पनि हेर्न सकिनेछ ।**